# मिति २०७७ साल मंसिर ३० गतेको लिखु गाउँ कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समीक्षा तथा प्रतिवेदन सम्बन्धमा।
२. बैंकिङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।
३. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धमा।
४. गाउँपालिका प्रोफाईल तयारी तथा अनुसन्धान सम्बन्धमा।
५. कर्मचारी पदपूर्ति समिति सदस्य मनोनयन सम्बन्धमा।
६. कर्मचारी पदपूर्ति सम्बन्धमा।
७. उद्यम विकास समिति गठन सम्बन्धमा।
८. कार्यविधि तथा निर्देशिका तर्जुमा तथा संशोधन सम्बन्धमा।
९. नेपाल टेलिकमको टावर व्यवस्थापन सम्बन्धमा।
१०. विद्यालयमा माक्स र साबुनपानि वितरण सम्बन्धमा।
११. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भई रहेको अवस्थामा निर्णयहरुको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा मिति २०७७/७/२४ गते नेपाल राजपत्रमा प्रकाशित गृह मन्त्रालयको सूचना बमोजिम आगामि आ.व. देखि सामाजिक सुरक्षा भत्ता वितरणको लागि लाभग्राहिहरुको बैंक खाता खोलि अनिवार्य रुपमा बैंकिङ् माध्यमबाट भत्ता वितरण गर्ने र सो कार्यको लागि नजिकको बैंक संग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आ.व. ०७७/७८ को वार्षिक स्वीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धी प्रमुख प्रशासकीय अधिकृतद्वारा यस बैठकमा पेश भएको प्रस्तावना तथा बजेट विनियोजन स्वीकृत गर्ने र सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मतबाट निर्णय गरियो। प्रस्तावनाको छायाप्रति यसै साथ संलग्न छ।

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आ.व. ०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाको प्रोफाईल तयारी तथा अनुसन्धान सम्बन्धी प्रमुख प्रशासकीय

अधिकृतद्वारा यस बैठकमा पेश भएको प्रस्तावना तथा बजेट विनियोजन स्वीकृत गर्ने र सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मतबाट निर्णय गरियो। प्रस्तावनाको छायाप्रति यसै साथ संलग्न छ।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा स्थानीय सेवा ऐन, २०७५ अनुसार कर्मचारी पदपूर्ती समितिमा देहाय बमोजिमका सदस्यहरु मनोनयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) सदस्य - दिनानाथ चौधरी (स्वास्थ्य संयोजक)

ख) सदस्य - विपना श्रेष्ठ (प्रशासन अधिकृत छैंटौ)

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको सञ्चालनको लागि तथा हेभि ईक्युप्मेन्ट मेसिन सञ्चालनको लागि देहाय बमोजिमका पदमा प्रचलित नियमानुसार करारमा कर्मचारीहरुको पदपूर्ति गर्न यथासक्य चाँडो विज्ञापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**तपसिल**

| क्र.स. | शाखा / कार्यालय | पद | तह | न्युनतम शैक्षिक योग्यता | माग संख्या |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी , लिखु-६ | मेडिकल अधिकृत | आठौं तह सो सरह | MBBS उत्तिर्ण | १ जना |
| २ | स्वास्थ्य चौकी, लिखु-६ | स्टाफ नर्स | पाचौ तह सो सरह | PCL Nursing उत्तिर्ण | १ जना |
| ३ | स्वास्थ्य चौकी, लिखु-६ | ल्याब टेक्निसियन | पाचौ तह सो सरह | PCL Lab उत्तीर्ण | १ जना |
| ४ | गाउँ कार्यपालिकाको कार्यालय | हेभि ईक्युप्मेन्ट अपरेटर | श्रेणि विहिन | Backhoe Loder Licence प्राप्त | १ जना |

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५२ बमोजिम देहाय बमोजिम उद्यम विकास समिति विकास गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) संयोजक - श्री गोविन्द बहादुर पौडेल (गाउँपालिका अध्यक्ष)

ख) सदस्य - श्री गोपाल खड्का (सभाको आर्थिक तथा लेखा समिति संयोजक)

ग) सदस्य - श्री अभय कुमार गुप्ता (प्रमुख प्रशासकीय अधिकृत)

घ) सदस्य - श्री ..................( संयोजकले तोकेको कार्यक्रम लागु भएको वडाको महिला सदस्य)

ङ) सदस्य - श्री ............ (संयोजकले तोकेको स्थानीय लघु उद्यमी मध्ये एक जना महिला सदस्य)

च) सदस्य -श्री ................(संयोजकले तोकेको वित्तिय संस्था, सहकारी तथा उद्योग संस्थाहरु मध्येबाट १ जना )

छ) सदस्य - श्री ओम प्रकाश तामाङ (व्यवसाय शाखा प्रमुख)

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट यस बैठकमा प्रस्तुत देहाय बमोजिमका कार्यविधि तथा निर्देशिकाहरु तथा संशोधन कार्यविधि आगामि बैठकबाट पारित हुने गरी पर्याप्त छलफलको लागि कार्यपालिकाको सदस्यलाई छायाप्रति वितरण गर्ने सर्वसम्मतबाट निर्णय गरियो। कार्यविधि तथा निर्देशिका यसै साथ संलग्न छ।

क) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७
ख) कन्टिन्जेन्सी खर्च रकम व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७७
ग) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि,२०७७
घ) करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ को पहिलो संशोधन, २०७७

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकामा विद्यमान अवस्थामा वडा नं. ५ को मानेडाँडा र वडा नं. ९ को पोकलिमा नेपाल टेलिकमको टावर सञ्चालनमा रहेको सन्दर्भमा टेलि-कम्युनिकेशनको सेवालाई सबै वडाहरुमा प्रभावकारी रुपमा सञ्चालन हुने गरि टावर तथा 4G सेवा विस्तार गर्नु पर्ने टट्कारो परिस्थितिमा सेवा विस्तारको लागि नेपाल टेलिकम संग अनुरोध गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा कोभिड-१९ माहामारीको सन्दर्भमा गाँउ शिक्षा समितिको निर्णय अनुसार विद्यालय सञ्चालनका लागि आवश्यक जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनुसार आवश्यक माक्स र साबुन लगायतका सामाग्रि उपलव्ध गराउने सर्वसम्मतबाट निर्णय गरियो।

११. **निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।